0/C

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
५ नं. प्रदेश, नेपाल

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी ५ नं. प्रदेश

मिति : २०७५।८।५

प.स.
च.न. १२४९

विषय : सूचना टाँस सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, न.प.
श्री जिल्ला समन्वय समितिको कार्यालय न.प.
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय न.प.
श्री वडा कार्यालय ( १८ बटै)

प्रस्तुत विषयमा यस रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्धारा दोश्रो पटक प्रकाशित सटर ठेक्का,बहाल बन्दोवस्त र प्रथम पटक प्रकाशित पशु हाटबजार बन्दोवस्त सम्बन्धि सूचना यसै पत्र साथ सँलग्न गरि पठाईएको व्यहोरा अवगत गराउदै सो सूचना पाटीमा टांस गरि सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ ।

..........................
शाखा अधिकृत

राजन श्रीवास्तव
शाखा अधिकृत

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल

सटरको ठेक्का सम्बन्धी सूचना

(कार्यालयमा दोश्रो पठक प्रकाशित मिति : २०७५/०८/०५ गते)

यस रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेको देहायका सटरहरुको आगामी आ.व. २०७५/७६ का लागि बढावढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित अधिनमा रही रितपूर्वक सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सात (७) दिने दोश्रो पटकको सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि. नं. | सूचना नं. | सटर | ठेगाना | न्यूनतम ठेक्का रकम | | शिलबन्दि दरभाउपत्र दस्तुर | अवधि | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कोठा नं | न्यूनतम मासिक भाडा | | | |
| १ | १/२०७५/२०७६ | नगर कार्यपालिकाको स्वामित्वमा रहेको सटरहरु | रामग्राम नगरपालिका | ७,१४ र १६ | रु.४००० प्रत्येक सटर | १,०००।- | ५ बर्ष | प्रति सटर रु. ५०,०००।- |
| | | | | पुरानो न.पा.भवन | रु.१५००० | | | रु. ५०,०००।- |
| | | | | पश्चिम सिंढी कोठा | रु २००० | | | रु.१५,०००।- |

शर्तहरु :

१. इच्छुक प्रस्तावकर्ताले लिखित सहित सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७५।०८।१२ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व शाखाबाट खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्मसरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा रामग्राम नगर कार्यपालिकाको कार्यलयमा खोलिने छ । प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

२. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

३. फाराम लिदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रमाण्ति प्रतिलिपी अनिवार्य रुपमा पेश गर्न पर्नेछ साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

४. शिलबन्दी फाराको खाम बाहिर यस रामग्राम नगरपालिका, नगर कार्यापालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गनुपर्ने छ ।

५. प्रस्ताव कर्ताले पेश गरेका दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यापालिकाको कार्यालयको नाममा बैंक अफ काठमाडौं परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं ०१६५००००१९०९२ ग ३ खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ७५ दिन म्याद भएको बिडवण्ड संलग्न गर्नुपर्नेछ ।

७. पेश भएको सिलबन्दी फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनी कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित गर्नुपर्नेछ ।

८. किस्ताको हकमा चलन पूर्जी लिनु अगावै कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

९. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फाराम उपर कुनै कारवाही गरिने छैन ।

१०. सटरको हकमा सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाइने छैन, हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ती स्वयं बहालवालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ ।

११. सटर कोठा बहालमालिने संझौताभएको मिति देखि २ वर्ष पुरा भएपछिकबोल गरेको शूरुको अंकमापून:आउने वर्षमा२० प्रतिशतथपभई आएको बहालअंकमाअर्को बर्षमापुन:भाडा वृद्धिस्वत:हूने छ ।

१२. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन कमोजिम हुनेछ ।

१३. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

.........................

राजन श्रीवास्तव

प्रशासकीय अधिकृत

शाखा अधिकृत

# रामग्राम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

(..................... शाखा)

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७५/२०७६

च. नं. १२२२

## आ.व. २०७५/७६ को आन्तरिक आय तर्फ साप्ताहिक हाटबजारको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०७५/८/४ गते)

रामग्राम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.०७५/०७६ को लागि आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यवसाय दर्तावाल फर्म तथा कम्पनी, तथा व्यक्तिहरुले निम्न शर्तहरु मन्जुर गरी शिलवन्दि दरभाउपत्र पेश गर्नु हुन प्रथम पटक सम्बन्धीत सबैको जानकारीका लागि सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. दरभाउपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को बैंक अफ काठमाडौं परासीको धरौटी खाता च.हि.नं ०१६५०००००१९०५२ (ग ३) मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

२. ठेक्का रकम न.पा.ले तोके बमोजिम किस्तामा बुझाउनु पर्ने छ । पट्टाचलन पुर्जी लिनको लागि फर्मको हकमा ठेकेदारले पहिलो किस्ताको (अर्थात कबोल अंकको ५० प्रतिशत) रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको (अर्थात कबोल अंकको बाकी ५० प्रतिशत) रकम वरावरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना अवधि म्याद भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ तथा व्यक्तिको हकमा सम्पुर्ण ठेक रकम एक मुस्ट बुझाउनुपर्नेछ ।

३. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा बढिमा १०% (१० प्रतिशत) सम्म छुट दिइनेछ ।

४. ठेकेदारले पट्टा चलन पुर्जि लिदा कबोल गरेको ठेक अंकको ५ प्रतिशतले हुने रकम ठेक्का अवधि भरका लागि जमानत वापत राखिने छ । ठेक्का अवधि समाप्त भए पछि सो जमानत रकम

फिर्ता लिनका लागि सम्बन्धीत ठेकेदारले आय आर्जन गरे वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईने छ । सम्पूर्ण कर बुझाएको प्रमाण पेश नगरेको खण्डमा जमानत वापत राखिएको रकमबाट ठेक अंकको १.५% आयकर कट्टा गरी बाकी रकम सम्बन्धीत ठेकेदारलाई फिर्ता गरिने छ ।

५. दरभाउपत्र पर्न आएको दरभाउपत्रमा ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

६. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकाले पुन: ठेक्का बन्दोबस्त गर्ने छ ।

७. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले कर, दस्तुर उठाउनु पर्ने छ ।

८. नगरपालिकाकाले तोकेको स्थानमा मात्र बजार लगाउनु पर्ने छ । सो ब्यवस्थापनको कार्य गर्दा कुनै किसिमको बजार थप, छुट, मिन्हा दिईने छैन ।

९. दरभाउपत्रले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य रुपले दरभाउपत्र साथ राख्नु पर्ने छ साथै कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

१०. प्रत्येक बजार एवं ठेक्काको लागि दरभाउपत्र खरिद गरि छुट्टा छुट्टै दाखिला गर्न पर्नेछ साथै खाम माथि ठेक्काको नाम स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ ।

११. यो सुचना दाश्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी सक्नु पर्ने छ ।

१२. यो सुचना प्रकाशित भएको १६ औं दिन दिउंसो १२ बजे सम्म दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ ।

१३. दाखिला भएको ठेक्का १६ औं दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

१४. दरभाउपत्र खरिदगर्ने, पेशगर्ने, खोल्ने दिन कुनै कारणबस विदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।

१५. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ ।

१६. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको बन्द, हडताल आदिको छुट, मिनहा वा म्याद थप दिइने छैन ।

१७. सम्बन्धीत ठेक्काको दररेट नगरपालिकाको कर उप शाखामा हेर्न सकिनेछ ।

राजन श्रीवास्तव
शाखा अधिकृत



फोन नं. : ०७८-५२०६८४, ०७८-५२०२५४

इमेल : municipalityramgram@gmail.com

# रामग्राम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(.................शाखा)

परासी, नवलपरासी

५ नं. प्रदेश, नेपाल


प.सं. : २०७५/२०७६ च. नं .

१८. न.पा.ले तोकेको ढाचामा कबुलियत पट्टा चलन पुर्जि लिनु पर्ने छ ।

१९. ठेकेदारले बजार लाग्ने दिन भन्दा एक दिन अगावै नियमित रुपमा सरसफाईको व्यवस्था, खानेपानी, विजुली र बजारको सुरक्षा ठेकेदार स्वयंले गर्नु पर्ने छ । सो व्यवस्था गरे वापत नगरपालिकाले कुनै पनि खर्च ब्यहोर्ने छैन ।

२०. माथि उल्लेख भए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

अन्य थप जानकारीको लागि कार्यालय समयमा कर उप शाखामा सम्पर्क गर्न सकिने छ ।

ठेक्काको विवरण

| क्र.सं. | ठेक्काको नाम | वार्षिक न्युनतम कबोल अंक | दरभाउपत्र फारम मूल्य | कैफियत |
|---|---|---|---|---|
| ०७५।०७६।०००१ | मगलबारे पशूपाडा भैसी हाटबजार | १९,००,१००। | १०००। | शिलबन्दि दरभाउपत्र |

राजन श्रीवास्तव
शाखा अधिकृत